# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट

फोन नं. ०५५-५४०२००

मधेश प्रदेश, नेपाल।


पत्र संख्या :-२०७९/०८०
चलानी नं. :- २६१८

मितिः- २०८०/०३/०३

श्री रौतहट जिल्ला स्थित १६ देखि ४० वर्षका युवाहरु (सबै)

विषयः युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रममा सहभागि हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा आ.व.२०७९/०८० मा राष्ट्रिय युवा परिषदबाट यस कार्यालयलाई वित्तीय हस्तान्तरण भएको स्वीकृत सशर्त कार्यक्रम युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयनका लागि रौतहट जिल्लाका सबै स्थानीय तहका युवाहरुलाई समेट्ने गरी कार्यक्रमको आयोजना गरिएको हुँदा विभिन्न पालिका भित्र रहेका १६देखि ४०वर्ष उमेर समूह भित्रका युवाबाट "युवा नवप्रवर्तनात्मक विचार" (Youth Innovative Ideas Hunt Competition) प्रदर्शनी तथा प्रस्तुतीकरण प्रतियोगिताको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम सन्चालन सम्बन्धि कार्यप्रक्रिया २०७८ को अनुसूची-१ बमोजिमको निवेदनका साथ अनुसूची-३ बमोजिमको Ideas संकलनका लागि आवेदन फाराम भरी यस कार्यालयको इमेल ठेगाना chandrapurmun@gmail.com मा पठाउन सकिनेछ। निवेदन तथा Idea संकलनको लागि प्रयोग गर्ने आवेदन फाराम यसै सूचना साथ संलग्न गरिएको छ साथै कार्यालयको वेभसाइड www.chandrapurrmun.gov,np बाट पनि प्राप्त गर्न सकिनेछ ।

**प्रतियोगिताका नियम तथा शर्तहरु:**

१.प्रतियोगितामा सहभागि हुनका लागि प्रतियोगिको उमेर १६ देखि ४० वर्ष भित्रको हुनुपर्नेछ ।

२.रौतहट जिल्ला स्थित स्थानीय तहको स्थानीय वासिन्दा भएको हुनुपर्नेछ ।

३.प्रतियोगिहरुको छनौट युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम सन्चालन सम्वन्धि कार्यप्रक्रिया २०७८ बमोजिम पालिकास्तरीय मूल्याङ्कन समितिबाट हुनेछ ।

४. सूचना प्रकाशित भएको१५औं दिनको कार्यालय समयभित्र प्रतियोगिहरुको नामावली प्रकाशित गरिनेछ ।

५.प्रतियोगिहरुले देवनागरी लिपिको वर्णानुक्रमानुसार मूल्याङ्कनकर्ता सहभागि तथा दर्शक स्रोता समक्ष आफ्नो संकलनको प्रस्तुतिकरण गर्नुपर्नेछ ।

६.प्रतियोगिहरु मध्यबाट छनौट भएका प्रथम द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगिहरुलाई प्रमाणपत्रका साथ क्रमशः नगद रु.१०,०००(दश हजार),रु ७,०००(सात हजार) र रु ४०००(चार हजार) तथा सहभागि सबै प्रतियोगिहरुलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिनेछ ।

७.प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने सहभागिलाई प्रदर्शन भएको सामग्री सहित प्रदेशस्तरमा हुने कार्यक्रममा सहभागिताको लागि पठाइनेछ ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# चन्द्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर, रौतहट

फोन नं. ०५५-५४०२००

मधेश प्रदेश, नेपाल।


पत्र संख्या :-२०७९/०८०

चलानी नं. :- २४९१

८. मूल्याङ्कनका आधार र पूर्णाङ्क देहाय अनुसार हुनेछ ।

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र | पूर्णाङ्क |
|---|---|---|
| १. | नवप्रवर्तनात्मक विचार र प्रस्तुतीकरण र यसको श्रृजनात्मकता | २० |
| २. | विचारको सैद्धान्तिक एवम व्यवहारीक पक्ष | १० |
| ३. | विचारबाट उत्पादन हुने बस्तु तथा सेवा | २० |
| ४. | विचारको उपादेयता, सान्दर्भिकता ( सामाजिक, प्राविधिक, वातावरणिय, आर्थिक ) र विश्वश्नियता | २० |
| ५. | लगानी र प्रतिफल | १० |
| ६. | स्वरोजगार/रोजगारी सिर्जनाको सम्भाव्यता | १० |
| ७. | जोखिम लिने क्षमता | १० |
| | जम्मा | १०० |

सहयोगार्थः

(पालिका स्थित सम्बन्धित उमेर समुहका युवाहरुलाइ सूचना सम्प्रेशन गरी सहयोग गरिदिनुहुन)

श्री वृन्दावन नगरपालिका रौतहट ।

श्री गुजरा नगरपालिका रौतहट ।

श्री गढिमाइ नगरपालिका रौतहट ।

श्री माधवनारायण नगरपालिका रौतहट ।

श्री गौर नगरपालिका रौतहट ।

श्री फतुवा विजयपुर नगरपालिका रौतहट ।

श्री परोहा नगरपालिका रौतहट ।

श्री कटहरिया नगरपालिका रौतहट ।

श्री ईशनाथपुर नगरपालिका रौतहट ।

श्री राजदेवी नगरपालिका रौतहट ।

श्री मौलापुर नगरपालिका रौतहट ।

श्री वैधिमाई नगरपालिका रौतहट ।

श्री देवाही गोनाही नगरपालिका रौतहट ।

श्री राजपुर नगरपालिका रौतहट ।

श्री गरुडा नगरपालिका रौतहट ।

श्री यमुनामाई गाउपालिका रौतहट ।

श्री दुर्गाभगवति गाउपालिका रौतहट ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner